| सि.न. | टोलीको सदस्यको नाम | जिल्ला | कूल आयोजना | | | | अनुगमन गरेको जिल्लाहरु | | | | अनुगमनको निचोड |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | DTO | DUDBC | Police/NPTF | जम्मा | DTO | DUDBC | Police/NPTF | जम्मा | |
| 1 | उस भरत आचार्य<br>ई. क्षितिज पराजुली<br>लेपा ईश्वर ओझा | कञ्चनपुर | 15 | | 1 | 16 | 10 | | 1 | 11 | १. होर्डिङ्गवोर्ड नभएको ।<br>२. भरखर निर्माण भएको जि.वि.स. भवनको निर्माण कार्य सन्तोषजनक छैन । भऱ्याङ्ग, झ्याल र ढोकाको रङ्गरोगन राम्रो छैन । सौचालय नै छैन । मूल च्यानल गेटको फिटिड. राम्रो छैन ।<br>३. कालिका गा.वि.स. भवन जिर्ण छ । भवनको सट्टा हल निर्माण हुनु गलत भयो ।<br>४. जनताले गुणस्तर परीक्षण नगरी योजना हस्तान्तरण गर्नु हुँदैन भन्ने माग गरेका छन ।<br>५. DTO मा कर्मचारी वीच समन्वय छैन । फिल्ड Supervision पर्याप्त नभएको पाईयो ।<br>६. त्रिभुवन गा.वि.स.को भवनको गुणस्तर परीक्षण नगरी हस्तान्तरण नगर्ने किनकि कमगुणस्तरको सामग्री प्रयोग भएको छ भन्ने जनगुनासो छ<br>७. सुधार र सुझावको लागि लिखित निर्देशन केन्द्रबाट तुरुन्त जारी हुनुपर्छ |
| 2 | | डडेल्धुरा | 9 | 2 | 1 | 12 | 2 | 2 | 1 | 5 | १. तरकारी वीउ उत्पादनकेन्द्र घटालको भवन मरमत सन्तोषजनक छैन ।<br>२. केन्द्रबाट Report implementation को Follow up हुनुपऱ्यो ।<br>३. जोगवूढा प्रहरी चौकिको अवस्था नाजुक छ । शान्ति कोषबाट निर्माण कोटामा पार्नुपर्ने । |
| 3 | | डोटी | 13 | 1 | 1 | 15 | 5 | | 1 | 6 | १. सानागाउँ गाविस भवन गतवर्ष डिपिसी भएको यसवर्ष योजनामा नपर्नु ठिक भएन । २. कहीँ पनि होर्डिङ्गवोर्ड नभएको । |
| 4 | | कैलाली | 17 | 4 | 1 | 22 | 6 | 6 | 1 | 13 | १. ईप्रका चौमाला वाहेक कतै होर्डिङ्गवोर्ड छैन ।<br>२. मनमोहनस्मृति स्कूल र लालवोजी गाविस गतवर्ष अधूरो भएको तर यस वर्ष पनि रकम नगएकोले योजना अधूरो रहेको छ ।<br>३. जिल्ला प्रशासन कार्यालयको वीचको भागमा छानो छैन । विना छानोको डिजाईन गलत छ ।<br>४. स्थानीय शीान्त समितिका पूर्व संयोजक र पूर्व सचिवले पेश्की लिई दुवैले फछ्र्यौट नगरेको कारण काममा बाधा परेको छ । |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | ५. मुक्तिनाथ प्राविको रकम उपभोक्ता समितिले पेश्की लिएको तर पे.फ. नगरेको काणले यस वर्ष निकासा रकमबाट पनि काम नभएको । |
| 5 | शा.अ. रामचन्द्र कोईराला<br>ई. विनोद महत | दार्चुला | 13 | | 3 | 16 | 5 | | 3 | 8 | १. जिल्ला प्रशासन कार्यालयमा कर्मचारी कम भै काममा सख्त वाधा परेको ।<br>२. एकुरेट डाटा नपाएको । कर्मचारीको अभावमा डाटा नराखेको ।<br>३. आयोजनाहरुको गुणस्तर परीक्षण नगरेको ।<br>४. दूर्गम हुँदा निर्माण सामग्रीको अभाव ।<br>५. निर्माण सम्पन्न धाप गा.वि.स. भवन हस्तान्तरण हुन बाँकि रहेको ।<br>६. ई.प्र.का. गोकूलेश्वर निर्माण पूरा भएकोले हस्तान्तरण हुनुपर्ने ।<br>७. राहतको काम हेर्ने १ कमचारी थप हुनुपर्ने माग भएको ।<br>८. फोटोकपी, फ्याक्स नहुँदा काममा वाधा ।<br>९. LPC सदस्यलाई वैठक भत्ता नभएको गुनासो ।<br>१०. अख्तियारी LPC लाई दिनुपर्ने माग ।<br>११. जनआन्दोलनका घाईते तथा विद्यार्थिको छात्रवृत्ति ७५ प्रतिशत मात्र वितरण भएको ।<br>१२. केन्द्रबाट तथ्याङ्क जिल्लामा पूर्णरुपमा नगएको । |
| 6 | | वैतडी | 8 | 1 | 2 | 11 | 4 | 1 | 2 | 7 | १. सतबाझ कृषिसेवाकेन्द र रेन्जपोष्टको कम्पाउण्डवाल थप वनाउनु पर्ने र<br>२. ई.प्र.का. पाटन हस्तान्तरण हुनुपर्ने ।<br>३. LPC सदस्यलाई ओरिएन्टेशन नभएको ।<br>४. स्थानीय न.पा. मा समेत LPC गठन नभएको ।<br>५. LPC र कार्यान्वयन निकायबीच अन्तरकृया नभएको ।<br>६. LPC तर्फ मन्त्रालयले थप सहजीकरण गर्नुपर्ने ।<br>७. मन्त्रालयको राहत उपलब्ध गराउने नीति प्रभावकारी रुपमा कार्यान्वयन नभएको ।<br>८. राहत वितरणकोटाको आधारमा निकासा हुँदा वितरणमा समस्या भएको<br>१०. CDO, LDO, DUDBC, DTO, LPC, DEO बीच अन्तरकृया नभएको ।<br>११. बारुदी सुरुङ्ग निर्देशिका स्पष्ट नभएको गुनासो आयो । |
| 7 | सिडिई दिपककुमार दास<br>ई. सुनिलकुमार महतो | धनकुटा | 58 | 3 | 8 | 69 | 7 | 3 | 3 | 13 | १. LPC मा राहतको विवरण केन्द्रबाट नगएको ।<br>२. मृतकका हकवाला उल्लेख्य संख्यामा सम्पर्क राख्न नआउँदा रकम फ्रिज हुने । |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | ३. Mechanical manpower को अभावमा machinery क्षति मूल्याङ्कन गर्नमा कठिनाई ।<br>४. वारुदी सुरुङ्को शिक्षा दिने काममा सेना र प्रहरीलाई समावेश नगर्दा समस्या भएको ।<br>५. राहतका धैरै वुँदा अव्यवहारिक हुँदा कार्यान्वयनमा समस्या ।<br>६. प्रायश निर्माणका ससाना काम वाँकी हुँदा आयोजना हस्तान्तरण हुन नसकेको ।<br>७. द्वन्द्वपीडितको शिफारिश LPC बाट हुनुपर्ने माग ।<br>८. हिले उ.मा.वि.को इटा गुणस्तरीय नभएको र टाईवीम र पिलर एकै लाईनमा नभएको ।<br>९. प्रहरी चौकी भेडेटार निर्माणमा पानीको समस्या । |
| 8 | | तेह्रथुम | 11 | 1 | 1 | 13 | 3 | 1 | 1 | 5 | १. सुरक्षाको कारण सचिव गाउँमा नहुँदा LPC गठनमा ठूलो समस्या परेको ।<br>२. वालमन्दिरको भवननिर्माण कार्य जग्गा विवादका कारण ढिलाई ।<br>३. म्याङ्गलुङ्ग गा.वि.स.को सौचालय अति सानो वनाएको कारण प्रयोग नभएको ।<br>४. जिल्ला कृषि विकास कार्यालय भवन निर्माणमा पानी अभावका कारण क्यूरिङ्ग नभएको ।<br>५. निर्माण सामग्रीको गुणस्तर परीक्षण नभएको ।<br>६. जिल्लामा धेरैवटा योजना भएको तर प्राबिधिकहरु कम भएकोले अनुगमन गर्न समस्या भएको साथै ठेकेदारहरु प्रायशः स्थानीय भएकोले एउटै ठेकेदारले धेरैवटा ठेक्का लिनाले समयमा काम काम सम्पन्न हुन नसकेको । |
| 9 | सिडिई सम्भू कार्की<br>शाअ रामचन्द्र कोईराला | पर्सा | 7 | 3 | 1 | 11 | 1 | 3 | 1 | 5 | १. एकल महिलाको भत्ता हालसम्म १ जनाले पनि नपाएको ।<br>२. जिल्ला कृषि विकास कार्यालय भवनका झ्यालका खापाहरु कुकाठको प्रयोग भएकोले तुरुन्त फेर्न निर्देशन दिएको ।<br>३. मृतक, वेपत्ताका हकदारले रकम नपाएको देखियो ।<br>४. छात्रवृत्ति रकम जाँदै नगएको ।<br>६. १६७० जनाको व्यक्तिगत सम्पत्ति क्षतिको रकम दिन वाँकी । |
| 10 | | चितवन | 20 | | 1 | 21 | 11 | | 1 | 12 | १. शान्ति वाटिकाको गुरुयोजना तयार नभएको ।<br>२. चैनपुर गा.वि.स. भवनको स्वीकृत नक्सामा उपभोक्ता समितिले फेरबदल गरेको ।<br>३. केही गा.वि.स. भवनको भौतिक प्रगति न्यून रहेको । |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | ४. नमूना गाउँ सिद्धीको सडकको ग्रेड सुधार गर्नुपर्ने देखिएकोले सुधार गर्न निर्देशन दिएको ।<br>५. बीरेन्द्रनगर गा.वि.स.को वीम र पिल्लरको ढलाईमा ज्वाईन्टको छड देखिएको ।<br>६. २७ मध्ये ९ जना मात्र वेपत्ता व्यक्तिका हकदारले रु. १ लाख आर्थिक सहायता पाएको ।<br>७. एकल महिलाको आ.स. वितरण नभएको । |
| 11 | | मकवानपुर | 9 | 1 | 1 | 11 | 5 | | 1 | 6 | १. छतिवन गा.वि.स. भवन निर्माण सामग्रीको गुणस्तर परीक्षण नगरेको<br>२. अधिकांश निर्माणस्थलामा होर्डिङ्गवोर्ड नराखेको ।<br>३. ३३ जना मृतकका हकदारले १ लाख पाउन बाँकी । |
| 12 | उस. टोपनारायण शर्मा<br>ई. विनोद महत<br>शाअ. वालकृष्ण कोइराला | नुवाकोट | 12 | 2 | 1 | 15 | 4 | 2 | | 6 | १. होर्डिङ्ग वोर्ड नराखेको ।<br>२. शान्ति समितिको सचिवको समयमा म्याद थप नभएको ।<br>३. न.पा. र गा.वि.स. स्तरीय शान्ति समितिको लागि बजेटको व्यवस्था नभएकोले परिचालनमा समस्या ।<br>४. राहतको काम गर्न दक्ष जनशक्ति नभएको ।<br>५. द्वन्द्वपीडितको रेकर्ड अद्यावधिक नभएको । |
| 13 | | रसुवा | 7 | 1 | 1 | 9 | 3 | 1 | 1 | 5 | १. बेपत्ता ब्यक्तिको नाम केन्द्रबाट नआएकोले रकम फिर्ता गएको ।<br>२.पीडितहरुको राहतका लागि पर्याप्त रकम निकासा हुनुपर्ने ।<br>३. जिबिस अतिथिगृहको माथिल्लो तलामा बरण्डाबाट पानी पस्ने भएको<br>४. प्राथमिकताहेर्दा धैबुङ्ग गाबिसमा अतिथिगृह बनाउनु उचित भएन ।<br>५. निर्माण सामग्रीको गुणस्तर परीक्षण नभएको । |
| 14 | सस. केदार न्यौपाने<br>उस. नरेश चापागाई<br>उस. ज्ञानेन्द्र प्र. ढकाल<br>सिडिई दीपक कुमार दास | सिरहा | 4 | 5 | 2 | 11 | 1 | 5 | | 6 | १. तथ्याङ्क संकलनमा शान्ति समिति र जिल्ला प्रशासन कार्यालय बीच समन्वय नभएको ।<br>२. प्राथमिकतामा नभएका योजनाको पनि छनौट भएको ।<br>३. रकमको आधारमा लागत ईष्टीमेट गर्दा योजना अधूरो भएको ।<br>४. योजनाको गुणस्तर सन्तोषजनक नभएको ।<br>५. कार्यान्वयन तहका सरोकारवाला निकायहरु बीच अनुगमनमा समेत समन्वय नभएको ।<br>६. तराईमा काठको आपूर्ति नहुँदा काममा ढिलाई भएको ।<br>७. विस्थापितको लागि रकम थोरै मानिस धेरै भएकोले नबाँडेको । |
| 15 | | सप्तरी | 3 | 1 | 1 | 5 | 3 | 1 | 1 | 5 | १. शान्ति समितिको वैठकमा उपस्थिति न्यून हुने गरेको ।<br>२. समयमा निकासा फुकुवा नभएकोले काममा ढिलाई हुने ।<br>३. पुनरावेदन सरकारी वकील कार्यालयको गुणस्तर सन्तोषजनक छैन ।<br>४. कुनै पनि योजना समयमा सम्पन्न हुन सक्ने स्थिती नरहेको । |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | ५. व्यक्तिगत सम्पत्ति क्षतिको रेकर्ड छैन ।<br>६. सिरहा र सप्तरीका आयोजनको गुणस्तर कमजोर रहेको ।<br>७ योजना छनौटमा प्रथमिकता निर्धारणको कमी छ ।<br>६. एउटै कार्यालयमा लेखा र अन्य फाँट बीचमा समन्वय छैन । |
| 16 | | उदयपुर | 5 | | 2 | 7 | | | | | १. समयाभावले योजनाको स्थलगत निरीक्षण भएन ।<br>२. जिल्लास्तरीय अन्तरक्रिया मात्र सम्पन्न भएको । |
| 17 | | सुनसरी | 19 | | 2 | 21 | 9 | | 2 | 11 | १. छात्रवृति रकम अपुग भै दामासाहीमा वितरण गरेको । |
| 18 | | मोरङ्ग | 21 | | 1 | 22 | | | | | १. समयाभावले योजनाको स्थलगत निरीक्षण भएन । |
| 19 | | झापा | 16 | | 1 | 17 | 5 | | | 5 | १. अन्य जिल्लामा भएका देखि बाहेक बिशेष समस्या नभएको । |
| 20 | उस. हरिप्रसाद दवाडी<br>का.अ. रामजी दनाई<br>ई. विनोद महत | जुम्ला | 22 | 8 | 4 | 34 | 4 | 3 | 3 | 10 | १. बजेट र अख्तियारी समयमा नपुग्नु नै मूल समस्या भएको ।<br>२. गा.वि.स./न.पा. स्तरीय शान्ति समितिलाई बजेट दिइनुपर्नेमा नदिइएकोले गुनासो आयो ।<br>३. मनमोहन र वीपी स्मृति भवननिर्माण उपभोक्ता समिति गठनमा खिचातानी भएको ।<br>४. रु. २५,०००।- लिन एकल महिलाले पुन:विवाह नगरेको प्रमाणित गर्नुपर्ने व्यवस्था खारेज हुनुपर्ने माग आएको ।<br>५. LPC र सरोकारवालावीच समन्वय नभएको ।<br>६. प्रहरीतर्फका निर्माण आयोजनामा हिमपातले ढुवानीमा समस्या । |
| 21 | | दैलेख | 10 | 6 | 1 | 17 | 4 | 2 | | 6 | १. फोटोकपी, फ्याक्स जस्ता सामान नहुँदा काममा वाधा परेको ।<br>२. खरिगैरा गा.वि.स. भवनको कम्पाउण्डवाल लगाउन जग्गा नपुगेको ।<br>३. केन्द्रबाट राहत तथा अन्य सहायताको विवरण प्राप्त नभएको । |
| 22 | उस. दलवहादुर के.सी.<br><br>शाअ. हरिप्रसाद चपागाई<br>ई. सृजना पौडेल | मुगु | 8 | 3 | 1 | 12 | 4 | 3 | | 7 | १. जिल्ला अदालत भवन निर्माण गर्ने क्रममा वाटो भत्कदा gabion wall वनाउनु पर्ने अवस्था आएको ।<br>२. जिल्ला अदालत, सरकारी वकिलको कार्यालय, उपस्वास्थ्य चौकी फोतुवास, गा.वि.स. भवन कोटडाडा र रारा द्वन्द्वमा क्षति नभए पनि योजनामा परी निर्माणाधीन रहेको ।<br>३. जिल्ला सरकारी वकिलको कार्यालयको भवन निर्माणमा Retaining wall थप लगाउनुपर्ने ।<br>४. गा.वि.स. भवन पिना र निगालेबोट प्रा.वि. सेरी निर्माणमा उपभोक्ता समितिले ढिलाई गरेको ।<br>५. DUDBC जुम्लामा रहेकोले Site Supervision कमी हुँदा स्थानीय DTO बाटै हुनु पर्ने गरी मन्त्रालयले समन्वय गर्नुपर्ने ।<br>६. तेस्रो चौमासिकमा ४० प्रतिशत भन्दा बढी खर्च गर्न नपाउँदा राहत रकम पनि फ्रिज हुने अवस्था रहेको । |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | ७. LPC सचिव पद रिक्त हुँदा काममा वाधा ।<br>८. समयमा रकम फुकुवा  नहुँदा राहत वितरणमा वाधा । |
| 23 | उस. टोपनारायण शर्मा<br>शा.अ. वालकृष्ण कोइराला<br>ई. प्रदीप रुपाखेती | धादिङ्ग | 16 | 1 | 1 | 18 | 3 | 1 | | 4 | १. होर्डिङ्ग वोर्ड नराखेको र राखेकोमा पनि निर्देशिका वमोजिम छैन ।<br>२. गुणस्तर निरीक्षण गर्नेकाम DTO ले नगरेको पाईयो ।<br>३. राहतको अभिलेख अद्यावधिक नभएको ।<br>४. तालिम सञ्चालन नभएको । |
| 24 | शा.अ. हरिप्रसाद चापागाई<br>ई. प्रदीप रुपाखेती | वाँके | 9 | 4 | 1 | 14 | 3 | 4 | 1 | 8 | १. आपत कालिन कोषमा शान्ति समितिमा पैसा नहुँदा कर्मचारी वा अन्य व्यक्तिलाई तत्काल फिल्डको काममा पठाउन वाधा परेको छ ।<br>२. राहत निश्चित समय सम्म मात्र बितरण गर्नुपर्ने सुझाव आयो । ३.सगरमाथा |
| 25 | | बर्दिया | 2 | 1 | 1 | 4 | | 1 | | 1 | १. बर्दियामा २ वटा योजना भएपनि हाल सम्म कुनै कामनभएको । |
| 26 | | सुर्खेत | 20 | 2 | 1 | 23 | 4 | 2 | 1 | 7 | १. होर्डिङ्गवोर्ड नभएको ।<br>२.उत्तरगंगा गाबिसको भवनमा विद्युत वायरिङ्गको काम नभएको<br>३. शिखर उच्च मा.वि.को निर्माण कार्य शुरु नै नभएको ।<br>४. कारागार भवनको लागि काठको समस्या परेको ।<br>५. राहत रकम ड्राफ्टको माध्यमबाट आएमा काममा छिटो हुने ।<br>६. खर्चको अख्तियारी CDO मा नभई शान्ति समितिमा हुनुपर्ने ।<br>७. शान्ति समिति पदाधिकारीलाई मध्यस्थताको तालिम दिनुपर्ने । |
| 27 | सस. शंकरप्रसाद पाठक | सर्लाही | 9 | 4 | 2 | 15 | 3 | 2 | | 5 | १. DUDBC लाई ३/४ जिल्लाका भवन निर्माणको अख्तियारी जाने हुँदा काममा ढिलाई भयो । जुन जिल्लाको निर्माण हो उही जिल्लाको उही कार्यालयलाई अख्तियारी जानुपर्ने । |
| 28 | उस. हरिहर शर्मा | महोत्तरी | 1 | 3 | 1 | 5 | 1 | 3 | | 4 | २. ५/७ वर्ष अगाडी क्षति भएको संरचनाको हाल मूल्याङ्कन गर्नुपर्दा क्षतिको सही तथ्याङ्क नआएको । |
| 29 | शाअ. रामकाजी खनाल<br>प्रअ. शारदादेवी श्रेष्ठ<br>ई. सृजना पौडेल | धनुषा | 4 | 2 | 2 | 8 | 1 | 2 | | 3 | ३. निवेदकको भनाईका आधारमा ५/७ वर्ष पछि क्षतिको मूल्याङ्कन गर्नुपर्ने वाध्यता रहेको ।<br>४. पुनर्निर्माणमा भन्दा नवनिर्माणमा वढी रकम खर्च भएको भन्ने जनगुनासो आएको ।<br>५. कार्यान्वियन निकायबाट योजनाको स्थलगत अनुगमन नभएको ।<br>६. जग्गा विवादले गर्दा धनुषामा योजना सञ्चालनमा ढिलाई भएको ।<br>७. कम रकममा ठेक्का लिने र काम समयमा सम्पन्न नगरेको ।<br>८. जिल्ला प्रशासन कार्यालय महोत्तरीको ठेक्का ५० प्रतिशत घटेर लिएकोले गुणस्तर राम्रो नदेखिएको र निर्माणाधिन ट्वाईलेटको Sanitary Pipe फुटेको देखिएको । |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | | ९. लो.से.आ. महोत्तरीको भवन निर्माण गुणस्तर राम्रो नपाइएको ।<br>१०. रकम एकमुष्ठ निकासा नभएकोले काममा बाधा परेको ।<br>११. LPC मा सेवा संचालन गर्ने पेश्की समेत दिने व्यवस्था नभएको ।<br>१२. मन्त्रालयबाट जारी हुने प्रत्येक सूचना वा जानकारी LPC मा अनिवार्य रुपमा हुनुपर्ने ।<br>१३. प्रहरी चौकीले भाडामा भवन पाउन समस्या भएकोले निर्माणमा प्राथमिकता दिनुपर्ने ।<br>१४. जिल्ला प्रशासन कार्यालय र LPC वीचमा रकम निकासा र खर्च सम्बन्धमा समन्वय नभएको । |
| 30 | उस.नरेश ढकाल कअ<br>सीताराम ढुङ्गेल | रोल्पा | 11 | 1 | 1 | 13 | 4 | | | 4 | १. मन्त्रालयको बजेटबाट वन्दै गरेको हाम्जा देखि जेलवाङको रुलबाङ जाने सडक निर्माणमा ३ किमी कडा पहरो हुँदा निर्माणमा कठिनाई भएको । ३/४ मिटरको Supporting wall लगाउनुपर्ने ।<br>२. जेलबाङ नमूनावस्तीमा ८२ सौचालय निर्माण सम्पन्न भएको ।<br>३. मन्त्रालयको वजेटबाट माईक्रोहाइड्रोले ६४ वटा पोल खरिद गरी ५ वटा वडामा विद्युतीकरण गरेको ।<br>४. ईलाका हुलाक कार्यालय सुलीचौर र पशुसेवा केन्द्र निर्माण सम्पन्न भएकोले हस्तान्तरण हुनुपर्ने । |
| 31 | सिडिई ध्रुवप्रसाद पौडेल<br>उस. शिवराम न्यौपाने<br>ई. महेश नेपाली<br>ई. लक्ष्मी गुरुङ | पाल्पा | 21 | 3 | 6 | 30 | 5 | 1 | 1 | 7 | १. पाल्पा दरवार निर्माण सामग्रीमा काठको वीम जोडाईको विषयमा जनगुनासो आएको ।<br>२. DUDBC मा प्राविधिक जनशक्तिको कमी हुँदा काममा वाधा ।<br>३. गा.वि.स. र न.पा. स्तरीय LPC लाई दिने भनिएको बजेट निकासा नभएको । |
| 32 | | गुल्मी | 11 | 1 | 1 | 13 | 3 | 1 | 1 | 5 | १. LPC लाई राहत तथा पुनर्निर्माणका सवै योजनाको पूर्ण तथ्याङ्क केन्द्रबाट उपलब्ध गराउनुपर्ने ।।<br>२. द्वन्द्वमा भत्केका गा.वि.स. र प्रहरीका भवनलाई पुनर्निर्माणमा पहिलो प्राथमिकता दिनुपर्ने ।<br>३. उपभोक्ता समितिको खातामा रकम मौज्दात रहने तर खर्च नगर्ने प्रवृत्ति अन्त गर्न केन्द्रबाट पहल हुनुपर्ने । |
| 33 | | रुपन्देही | 6 | | 1 | 7 | 4 | | 1 | 5 | १. निर्माण सम्पन्न आयोजना हस्तान्तरण भै प्रयोगमा ल्याउनुपर्ने ।<br>२. गा.वि.स. तथा न.पा. स्तरीय LPC लाई सकृयताका लागि बजेट विनियोजन हुनुपर्ने ।<br>३. द्वन्द्वमा क्षति भएका दयानगर र छतिवन प्रहरी चौकी पुनर्निर्माण हुनुपर्ने । |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 34 | | नवलपरासी | 5 | 1 | 1 | 7 | 4 | | | 4 | १. सुमनी-७, बर्दघाटमा तत्कालीन द्वन्द्वरत पक्ष र प्रतिकार समितिको झडपमा १२ जनाको मृत्यू भएकाले तिनका हकवालालाई पनि कपिलवस्तु घटना सरहको सुविधा तथा राहत दिनुपर्ने व्यापक माग आएको ।<br>२. उक्त स्थानमा नमूनावस्तीको कार्यक्रम लगी पीडितहरुलाई सहयोग पुऱ्याउनु उपयुक्त हुने । |
| 35 | उस. अरविन्द रिमाल<br>उस. शिवराम न्यौपाने<br>ई. महेश नेपाली | कास्की | 19 | 2 | 1 | 22 | 4 | 1 | 1 | 6 | १. यातायात व्यवस्था कार्यालय कास्की बिगत वर्ष वनेको तर प्लाष्टर फुटेर पानी जम्ने भएको ।<br>२. अनुगमन गरिएका गा.वि.स. कार्यालयहरुको छत ढलानको Slop नमिलेका कारण पानी जमेको ।<br>३. डाडाको नाक प्रहरी चौकीको र शिशुवाको व्यारेक कोठा डिजाईन अनुसार नवन्दा समस्यायुक्त भएको । |
| 36 | | वाग्लुङ्ग | 11 | 1 | 1 | 13 | 2 | | 1 | 3 | १. जि.वि.स. र DTO भवनमा राखेका पाईप हटाउन ७ महिना लागेकोले सम्झौता वमोजिम काममा प्रगति नभएको ।<br>२. उपभोक्ता मार्फत भएका कामको गुणस्तरमा कमी आएको भन्ने अन्तरक्रियामा गुनासो आएको ।<br>३. मन्त्रालयले राहत तथा पुनर्निर्माणका सबै सूचना LPC लाई दिनैपर्ने ।<br>४. शान्तिको लागि सञ्चार कार्यक्रमको वजेट वृद्धि हुनुपर्ने ।<br>५. हचुवाको भरमा नयाँनिर्माणमा नलागी द्वन्द्वमा भत्केका गा.वि.स. तथा प्रहरी चौकीको पुनर्निमाणले पहिलो प्राथमिकता पाउनुपर्ने । |
| 37 | | पर्वत | 4 | | 1 | 5 | 1 | | 1 | 2 | १. सानामसिना क्रमागत आयोजनाका कारण पुनर्निर्माणको ठोस काम हुन नसकेको गुनासो आयो ।<br>२. आयोजनालाई पूरागर्न प्रयाप्त वजेट दिनुपर्ने ।<br>३. शिफारिश विना नै राहत निकासा हुँदा विवाद सृजना भएको ।<br>४. राहत वितरणलाई निश्चित समयलाई आधार तोकी टुग्याँउनु पर्ने ।<br>५. गा.वि.स. न.पा. स्तरीय LPC लाई बजेट र कार्यक्रम दिनुपर्ने । |
| 38 | | म्याग्दी | 7 | 1 | 1 | 9 | 3 | 1 | 1 | 5 | १. निर्माण सम्पन्न आयोजना हस्तान्तरण भै प्रयोगमा ल्याउनुपर्ने ।<br>२. सामुदायिक पुस्तकालयको निर्माणको रकम उपभोक्त समितिले पेश्की लगेको तर काम नथालेको । |
| | | | | | | | | | | | ३. न्यायाधीश, सीडियो, एलडिओ र डिएसपी क्वाटर निर्माण सम्पन्न भए पनि पानी रसाउने र सीडियो क्वाटरको दोश्रोतलाको उत्तरतिरको कोठामा कार्पेट भिज्ने गरी पानी चुहेको । |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 39 | स.स साधुराम सापकोटा उस<br>हरिप्रसाद दवाडी शाअ<br>बालकृष्ण कोईराला | दाङ्ग | 7 | 1 | 1 | 9 | 6 | 1 | | 7 | १. एउटा आयोजना सम्पन्न भई बचत रहेको रकम अर्को अधूरो आयोजनामा रकमान्तर गर्ने अधिकार स्थानीय तहमा हुनुपर्ने माग भएको । २. सौडियार गाबिस भवन निर्माण कार्य पूरा भएको २ बर्ष बिते पनि हस्तान्तरण नभएको । ३. चालु आ.व.मा बेपत्ता व्यक्तिका हकदारलाई दिने रकम रु. २२ लाख नपुगेको । |
| | | प्यूठान | 8 | | 1 | 9 | 2 | | | 2 | १. छात्रबृत्तिको रकम न्यून भै दामासाहीले बितरण गरेको । २. एउटा आयोजना सम्पन्न भई बचत रहेको रकम अर्को अधूरो आयोजनामा रकमान्तर गर्ने अधिकार स्थानीय तहमा हुनुपर्ने माग भएको । |
| | | रोल्पा | 11 | 1 | 1 | 13 | 3 | 1 | | 4 | १.रकम बचत भए पनि पीडितको पहिचान नहूदा द्वन्द्व पिडित तथा एकल महिलाले सतेम रकम नपाएको । |
| | | | **489** | **71** | **64** | **624** | **152** | **54** | **32** | **238** | |

(प्रेमप्रसाद संजेल )

उपसचिव

अनुगमन तथा मुल्याड.कन शाखा

## स्थलगत अनुगमनको क्रममा पुनर्निर्माणका आयोजनातर्फ देखिएका समस्याहरुको सारांश :

१. केही आयोजनाको निर्मास्थलमा अझै पनि होर्डिङ्ग वोर्ड नराखेको । राखेकोमा पनि नमूना वमोजिम नभएको ।
२. निर्माण भएका संरचनाहरुको गुणस्तर परीक्षण नगरी हस्तान्तरण गर्ने गरिएको ।
३. रङ्गरोगन तथा वाहिरी गेटको च्यानल फिटिङ्गको फिनिसिङ्ग राम्रो नभएको ।
४. जिर्ण भवन पुनर्निर्माण हुनुको सट्टामा थप हल निर्माण गर्ने काम भएको ।
५. स्थानीय कार्यान्वयन निकायहरु तथा स्थानीय शान्ति समितिको बीचमा जिल्लास्तरमा समन्वय नभएको ।
६. स्थानीय तथा केन्द्रय दुबै कार्यान्वयन निकायबाट मातहतका आयोजनाहरुको पर्याप्त सुपरभिजन नभएको ।
७. बिगतका अनुगमनबाट औल्याईएका गल्ती कमजोरी सुधार भएनभएको वारे केन्द्रको सम्बन्धित शाखाबाट थप follow up नहुनुका साथै केन्द्रमा सो को अनिबार्य रुपमा कार्यान्वयन हुने खालको स्थायी स्वचालित संयन्त्र खडा नभएको ।
८.कतिपय निर्मित संरचनाहरुको गुणस्तर सन्तोषजनक नभएको भन्ने अनुगमनटोलीको रिपोर्टमा नै उल्लेख भएको र अनुगमन टोली समक्ष जनगुनासो पनि आएको ।
९. मरमत भएका संरचनाको गुणस्तर सन्तोषजनक नहुनुका साथै केन्द्रको सम्बन्धित शाखाबाट follow up को स्थायी संयन्त्र खडा गरी कारबाही नगरिएको ।
१०. अधूरा योजना पूरा नगरी नयाँ योजना छनौट गर्ने गल्ती अधिकाँश जिल्लामा गरिएको ।
११. कुनै कुनै उपभोक्ता समितिले पेश्की लिई फछ्र्यौट नगर्ने गलत परम्परा बसेको ।
१२. दुर्गम जिल्लाका जिल्ला प्रशासन कार्यालयमा प्रशासनिक र केही DTO तथा DUDBC मा प्राविधिक जनशक्ति कम भै अनुगमनमा कमी हुने गरेको ।
१३.उल्लेख्य सँख्यामा आयोजनाको निर्माण सामग्रीको गुणस्तर परीक्षण नगरेको ।
१४. निर्माण सम्पन्न आयोजना हस्तान्तरण नभएको र सम्बन्धित कार्यान्वयन निकायले उचित पहल नगरेको ।
१५. ससाना निर्माणका काम पूरा नभएका कारण पूरैयोजना हस्तान्तरण नभएको ।
१६. पानीको समस्याका कारण पहाडी जिल्लाका निर्माण आयोजनामा क्यूरिङ्ग नगरिएको ।
१७. केही आयोजनामा जग्गा विवादका कारण योजना शूरु गर्न ढिलाई हुने गरेको ।
१८. केही जिल्लामा एउटै ठेकेदारले धेरै वटा योजना ठेक्कामा लिई काममा ढिलाई गरेको ।
१९.बिगतबर्ष करोडौंको लागतमा निर्मित यातायात व्यबस्था कार्यालय गण्डकी कास्की पोखराको भवनको प्लाष्टर उप्कीने र पानी जम्ने समस्या भएकोले गुणस्तरमा प्रश्न उठेको ।
२०. जिल्ला कृषि विकास कार्यालय, पर्साको झ्यालका खापाहरु कुकाठका वनाई गम्भिर लापरबाही गरेको । केन्द्रबाट रंगरोगन नगरेकै अबस्थामा निरीक्षण नभएको भए सो पत्ता लगाउन पनि कठिन हुने गल्ती देखिएको ।
२१. चितवनमा शान्ति वाटिकाको गुरुयोजना नै तयार नगरेको ।
२२. केही आयोजनाको भवनको निर्माणमा टाईविम र पिल्लर एकै लाईनमा नभएको ।
२३. हिले उच्च मा.बि. धनकुटाको इट्टाको गुणस्तर राम्रो नभएको ।
२४. अधिकाँश जिल्लामा प्राथमिकताको क्रम निर्धारण नगरी योजना छनौट गर्ने गरिएको ।
२५. अनुगमन टोलीले समय नपुगेको भनी आफु खटिएका उदयपुर र मोरङ. जिल्लाको अनुगमन नै नगरेको ।
२६. दूर्गमका प्रहरी तर्फका निर्माण योजनामा हिमपातका कारण निर्माण सामग्रीको ढुवानीमा ढिलाई भएको ।
२७. तेश्रो चौमासिकमा ४० प्रतिशत भन्दा वढी रकम खर्च गर्न नपाउने नियमले काममा वाधा परेको ।
२८. केही भवनको निर्माणमा वीम र पिल्लर ढलाईमा छड देखिएकोले गुणस्तरमा प्रश्न उठेको ।
२९. केन्द्रले बजेट र अख्तियारी समयमा नपठाउने गरेको ।
३०. बर्दिया जिल्लामा २/३ वटा योजना मात्र भए पनि निर्माण शुरु नै नभएको ।
३१. तेह्रथुम जिल्लामा म्याङ्गलुङ्ग गाबिस भवनमा प्रयोग गर्न नसकिने अतिसाँगुरो सौचालय बनाई खर्चका लागि खर्च गरेको र सौचालय पनि प्रयोगमा नआएको ।
३२. जिल्ला प्रशासन कार्यालय महोत्तरीको ठेक्का ५० प्रतिशत घटेर लिएकोले निर्मित भवनका Sanitory पाईपहरु भवन निर्माण संपन्न हुनु अगावै फुटेको
३३. म्याग्दी जिल्लाको सिडिओ, एलडिओ, न्यायाधीश क्वाटर निर्माण कार्य सन्तोषजनक नभएको । निर्माण सम्पन्न हुना साथ सिडिओ क्वाटरमा कार्पेट भिज्ने गरी पानी चुहेको ।
३४. पुनरावेदन सरकारी वकील कार्यालय राजबिराजको भवननिर्माण कार्य सन्तोषजनक नदेखिएको ।

(प्रेमप्रसाद संजेल)
उपसचिव

## स्थलगत अनुगमनको क्रममा राहत तथा अन्य कार्यक्रममा देखिएका समस्याहरु :

१. राहत तथा आर्थिक सहायता पाँउनेको तथ्याङ्क राहत ईकाईले हरेक स्थानीय शान्ति समिति तथा सम्वन्धित जिल्लाका स्थानीय कार्यालयमा नपठाएको । केही पठाएकोमा पनि अधूरो भएको । डाटा अद्यावधिक वनाउने स्थायी संयन्त्रनै वनाउनुपर्ने र नियमित रुपमा जिल्लाको तथ्याङ्क केन्द्रसँग अद्यावधिक हुनुपर्ने माग भएको ।

२. स्थानीय शान्ति समितिको वैठकमा उपस्थिति न्यून हुने गरेको ।

३. गा.वि.स. र न.पा. स्तरीय शान्ति समितिलाई बजेट निकासा नभएकोमा ब्यापक गुनासो आएको ।

४. राहतको रकम समयमा फुकुवा नहुँदा समस्या भएको ।

५. CDO ले पाएको अख्तियारी LPC लाई दिनुपर्ने माग भएको ।

६. फोटोकपी, फ्याक्स जस्ता सामग्री जिल्लामा नहुँदा समयमा काम गर्न कठिन भएको ।

७. CDO, LDO, DTO, DUDBC, DEO र LPC बीच अन्तरकृया नभएका कारण समन्वयमा कमी आएको ।

८. Mine Risk Education Programme मा सेना र प्रहरीलाई समावेश नगरेका कारण कार्यक्रम नै प्रभावकारी नभएको ।

९. सुरक्षाको कारण गा.वि.स. सचिव नहुँदा गाउँमा LPC गठन नभएको ।

१०. कुनै जिल्लामा छात्रवृत्तिको रकम जाँदै नगएको ।

११. कुनै जिल्लामा एकल महिलाले पाउने आर्थिक सहायता एक जनाले पनि नपाएको ।

१२. स्थानीय तहबाट शिफारिश नै नभई पर्वत जिललामा आर्थिक सहायता निकासा भएको ।

१३. राहत वितरणको कट अफ डेट निर्धारण नभएकोले हुनुपर्ने माग भएको ।

१४. मृतक र बेपत्ता व्यक्तिको संख्या उल्लेख्य छ । तर आर्थिक सहायता लिने हकदार ब्यक्ति सम्पर्क राख्न आउँदैनन् । यसको कारण पत्ता लगाउनु पर्ने र जिल्लालाई पनि जानकारी दिनु पर्ने ।

१५. सबैलाई एकै पटक पुग्ने गरी निकासा नभए सम्म व्यक्तिगत सम्पत्ति क्षतिको क्षतिपूर्ति रकम वितरण गर्न कठिन भएकोले कतिपय जिल्लाले बितरण गर्न नसकेको ।

१६. जिल्ला शिक्षा कार्यालयहरुले पूर्णसूचनाको अभावमा द्धन्द्ध पीडितका सन्ततिलाई छात्रबृत्ति नदिएकोले के कस्ता ब्यक्तिले छात्रबृत्ति पाँउने हो ? सो खुलाई परिपत्र हुनुपर्ने ।

१७. कतिपय जिल्ला शिक्षा कार्यालयहरुमा द्धन्द्धपीडितका सन्ततिलाई छात्रबृत्ति दिनपुग्ने रकम नै निकासा नभएको । ती कार्यालयले पनि निकासा नमागेको , द्धन्द्ध पीडितका सन्ततिको रेकर्ड उपलव्ध नभएको, यी बिषयमा राहत ईकाईले सम्बन्धित निकायमा जानकारी नदिएको ।

१८. राहत ईकाई र शिक्षा बिभाग लगायतका सरोकारवाला कार्यान्वयन निकाय बीचमा समन्वय , बैठक र पत्राचारमा कमी भएको ।

(प्रेमप्रसाद संजेल)
उपसचिव